Bowel Screening Wales

Sgrinio Coluddion Cymru



# छानबिन निम्ति आन्द्रोका थप जाँचहरू।

## तपाईंको जाँचको परिणामले के देखाएको छ भने तपाईंद्वारा उत्सर्जित मलमा रगत पाइएको छ।

## **यसको अर्थ यो होइन कि तपाईंलाई क्यान्सर भएको छ।**

यसको अर्थ यो भने अवश्यै हो कि हामी तपाईंलाई एक मूल्याङ्कन अनि शायद कोलनस्कपि गर्नको लागि भन्नेछौं। यस परिणामको कारण आन्द्रोको क्यान्सर नभएर पलिप घ्साना उत्पत्तिध–हरूबाट भएको रक्तस्राव हुनसक्छ। यसका अन्य कारणहरू पनि हुनसक्छन्, जस्तै हेमर्हाएड्ज घ्हर्साध।

### अब अर्को चरण के हुनेछ?

छानबिन गर्ने विशेषज्ञ चिकित्सकसित कुराकानी निम्ति समय मिलाउन कृपया हाम्रो सम्बन्धित निःशुल्क फोन सेवामा फोन गर्नुहोस्।

कुराकानी निम्ति समय मिलेपछि, छानबिनका विशेषज्ञ चिकित्सकले तपाईंको आन्द्रोको जाँच घ्कोलन्सकपिध बारे विचार–विमर्श गर्न तपाईंलाई फोन गर्नेछन्। तपाईंलाई कुनै यस्तो समस्या त छैन जसको उपचार आवश्यक छ, सो हेर्नको लागि यो जाँच गरिन्छ। जाँच गर्ने हरेक 100 मानिसहरूमध्ये लगभग दुइजनाको उत्सर्जित मलमा रगत पाइन्छ। तपाईंको सामान्य स्वास्थ्यको बारेमा छानबिनका विशेषज्ञ चिकित्सकले तपाईंलाई केही प्रश्नहरू सोध्नेछन् अनि यो निश्चित गर्नेछन् कि तपाईं कोलनस्कपिको लागि फिट अर्थात् योग्य हुनुहुन्छ वा हुँदैन। फोनमा हुने कुराकानी एक घण्टासम्म लम्बिन सक्छ। फोनमा कुराकानी पश्चात्, यदि तपाईंलाई छानबिनका विशेषज्ञ चिकित्सकसित भेट गर्ने आवश्यकता पर्छ भने, यसको लागि तपाईंले समय मिलाउन सक्नुहुन्छ।

## मलाई कोलनस्कपि गर्ने खाँचो किन छ?

कोलनस्कपि तपाईंको ठूलो आन्द्रोको जाँच हो। यसको उद्देश्य, तपाईंद्वारा उत्सर्जित मलमा रगत पाइनुको कारणको पत्तो लगाउने प्रयास गर्नु, उपचारमा सहायता पुर्‍याउनु, अनि आवश्यक भएको खण्डमा, थप जाँचको बारेमा निर्णय लिनु हो। कोलनस्कपि प्रक्रिया अस्पतालको एण्डोस्कपि अर्थात् मल–मार्ग परीक्षण विभागमा सम्पन्न गरिन्छ।

## कोलनस्कपि के हो?

कोलनस्कपि तपाईंको ठूलो आन्द्रो घ्कोलनध्–को भित्री भागलाई हेरेर त्यहाँ कुनै रोग छ वा छैन, सो जान्ने एक तरीका हो। यस जाँचमा, यदि आवश्यक भए, प्रयोगशालामा विश्लेषण निम्ति तपाईंको ठूलो आन्द्रोको अल्प परिमाणमा नमूना घ्बायोप्सिध लिने अनुमति पनि हामीसित छ। तपाईंको कोलनस्कपि जाँच हुँदा छानबिनका तपाईंका विशेषज्ञ चिकित्सक पनि तपाईंसित रहनेछन्।

प्रयोगमा ल्याइने उपकरणलाई कोलनस्कोप घ्स्कोपध भनिन्छ अनि यो लचिलो हुन्छ। हरेक स्कोपमा उज्यालो दिने एक लाइट हुन्छ जसलाई तपाईंको आन्द्रोको भित्री भागपट्टि घुमाउन सकिन्छ। पर्दामा तस्वीरहरू देखाइन्छन् जसको सहायताले तपाईंलाई कुनै रोग वा शोथ छ कि छैन, सो जाँच कोलनस्कपि गर्ने चिकित्सकले गर्नेछन्।

जाँचको समयमा कोलनस्कपि गर्ने चिकित्सकलाई विश्लेषण निम्ति तपाईंको ठूलो आन्द्रोको भित्री भागको नमूना लिनपर्ने आवश्यकता पर्नसक्छ। हामी नमूनाहरूलाई राख्नेछौं अनि तपाईंको विवरण राख्नलाई यसको भीडीयो रेकर्डिङ्ग गर्नसक्छौं साथै तस्वीर खिँच्नसक्छौं।

# जाँचको लागि तयारीं

## खानु अनि पिउनु

हामीलाई तपाईंको आन्द्रोको तल्लो भाग छर्लङ्ग गरी हेर्ने आवश्यकता छ। यसकारण, यदि तपाईंले कोलनस्कपि गर्ने निर्णय लिनुभयो भने हामी तपाईंको आन्द्रोलाई खाली गर्नको लागि तपाईंलाई दिसा गराउने औषधि पठाउनेछौं।

## तपाईंको जाँच हुने दिनको दुइ दिनअघि

तपाईंले कम्ती रेशा भएको भोजन गर्ने अनि पर्याप्त मात्रामा पानी पिउने खाँचो छ।

## एक दिनअघि

- कुनैप्रकारको ठोस भोजन नलिनुहोस्।
- तपाईंले केवल स्वच्छ द्रव मात्रै पिउनुपर्छ घ्उदाहरणको लागि, ग्लुकोजको पेय, बोभ्रिल, कालो चिया अनि चिनीसहितको कफि, स्वच्छ सूप तथा फलको जेलीघ।
- तपाईंले लैक्सटिभ अर्थात् दिसा गराउने औषधि लिनुपर्ने खाँचो पनि छ, जुन औषधि हामी हुलाकद्वारा तपाईंलाई पठाउनेछौं। छानबिन गर्ने तपाईंको विशेषज्ञ चिकित्सकले तपाईंसित यसबारे चर्चा गरिसकेको हुनुपर्छ। दिसा गराउने औषधिसित संलग्न निर्देशहरूको, कृपा गरी, पालन गर्नुहोला। यदि तपाईं कुनै प्रश्नहरू सोध्न चाहनुहुन्छ भने, आफ्नो छानबिन गर्ने विशेषज्ञ चिकित्सकसित सम्पर्क गर्नुहोला अथवा हेल्पलाइन सेवामा फोन गर्नुहोला अनि तपाईंलाई कसैले सहायता गर्नेछन्।

## जाँच हुने दिनमा

- जबसम्म तपाईंको जाँच हुँदैन तबसम्म पर्याप्त मात्रामा पानी पिउन जारी राख्नुहोला।
- आनो ड्रेसिङ गाउन अर्थात बाहिरबाट लाउने खुकुलो पोशाक अनि चप्पल लिएर आउनुहोला।
- मूल्यवान वस्तुहरू नल्याउनुहोला।

# मैले लिइरहेका औषधिहरूलाई चाँहि के गर्ने?

## तपाईंले नियमित रूपमा खाइरहनुभएका अधिकांश औषधिहरूलाई खान जारी राख्नुपर्छ। तर तल हेर्नुहोला।

यदि तपाईंले आइरन अर्थात् लौह तत्वका चक्कीहरू खाइरहनु भएको छ भने तपाईंले आफ्नो जाँच हुनुभन्दा एक साताअघि यसलाई बन्द गर्नुपर्छ। यदि तपाईंले आफ्नो उत्सर्जित मललाई अधिक ठोस बनाउने औषधिहरू घ्उदाहरणार्थ, फिबोजेल, रेगुलनघ्, लोपेरामाइड घ्इमोडियमघ् लोमोटिल वा कोडिन फस्फेट, खाइरहनु भएको छ भने तपाईंले आफ्नो कोलनस्कपि जाँच हुनुभन्दा तीन दिनअघि यसलाई बन्द गर्नुपर्छ।

## मधुमेह अर्थात् चिनीको बीमारी

यदि तपाईंलाई मधुमेह भएको छ अनि यसलाई इन्स्यूलिन वा अन्य औषधिहरूद्वारा नियन्त्रित गरिन्छ भने, कृपया आफ्नो कोलनस्कपि जाँच हुनुभन्दा अघि सुझाउको लागि आफ्नो डायबेटिक विशेषज्ञ नर्सलाई फोन गर्नुहोला। अथवा, तपाईंले आफ्नो छानबिन गर्ने विशेषज्ञ चिकित्सकसित सम्पर्क गर्न सक्नुहुन्छ।

## एण्टिकोअग्युलेण्ट अर्थात् जमावरोधी औषधि

आनो रगतलाई पातलो बनाउनको लागि यदि तपाईंले वारफेरिन जस्ता औषधि वा चक्कीहरू खाइरहनु भएको छ भने, कृपया छानबिन गर्ने आनो विशेषज्ञ चिकित्सकलाई फोन गर्नुहोला।

## एलर्जी अर्थात् तीव्र ग्राहित्व

यदि तपाईं यो सोच्नुहुन्छ कि तपाईंलाई लेटेक्स अर्थात् रबड़सित एलर्जी छ वा अन्य कुनैप्रकारको एलर्जी छ भने, त्यस स्थितिमा, जानकारी निम्ति, छानबिन गर्ने विशेषज्ञ चिकित्सकलाई फोन गर्नुहोला।

## मेरो आगमन पश्चात् के हुनेछ?

जब तपाईं अस्पतालको एण्डोस्कपि अर्थात् मल–मार्ग परीक्षण विभागमा आइपुग्नु हुन्छ, तब छानबिन गर्ने तपाईंको विशेषज्ञ चिकित्सक तपाईंलाई भेट्न आउनेछन्। तपाईंले कोलनस्कपिको बारेमा अझै प्रश्नहरू सोध्न सक्नुहुनेछ अनि आफ्ना चिन्ताहरूको बारेमा चर्चा गर्न सक्नुहुनेछ।

छानबिन गर्ने विशेषज्ञ चिकित्सकले प्रक्रियाको बारेमा तपाईंलाई राम्ररी बुझाउनेछन् अनि तपाईंका कुनैपनि प्रकारका चिन्ता वा प्रश्नहरू बारे चर्चा गर्नेछन्। यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधि लिने निर्णय गर्नुभएको छ भने, उनले तपाईंको हात वा पाखुरोको पृष्ठ भागमा एउटा सानो शोष–नलिका घ्प्लास्टिकको एक सानो नली वा सूँइघ्–लाई प्रवेश गराउनेछिन्। पछि यसै नली मार्फत् तपाईंलाई सिडेशन् दिइनेछ।

`सिडेशन् अर्थात् यातनानिवारक औषधि लिए पश्चात्को 24 घण्टासम्म तपाईंले वाहन चलाउनुहुँदैन, रक्सी पिउनुहुँदैन, विशाल यन्त्रहरू चलाउनुहुँदैन, वा कुनैप्रकारको कानूनी दस्तावेजहरूमा हस्ताक्षर गर्नुहुँदैन। आफूलाई घर लिएर जाने कुनै व्यक्तिको तपाईंलाई आवश्यकता पर्नेछ। यसकारण तपाईंले यस कामको लागि परिवारका सदस्य वा मित्रको व्यवस्था गर्नुपर्नेछ। तपाईंले नर्सलाई उनीहरूको फोन नम्बर दिनुपर्नेछ जसमा तपाईं घर जानको लागि तयार भएपछि नर्सले उनीहरूसित सम्पर्क गर्नसकुन्। राती तपाईंसित बस्ने कुनै व्यक्तिको पनि आवश्यकता पर्नेछ।

छानबिन गर्ने तपाईंको विशेषज्ञ चिकित्सकले तपाईंको स्वास्थ्यको मूल्याङ्कन गर्नको लागि तपाईंलाई यसबारे केही प्रश्नहरू सोध्नेछिन्। उदाहरणको लागि, उनले तपाईंलाई शल्य–चिकित्सा वा बीमारीको बारेमा सोध्नेछिन्, जो तपाईंले यसअघि गर्नुभएको थियो वा तपाईंलाई भएको थियो।

तपाईंको रक्तचाप अनि हृदय गतिलाई नापिनेछ। यदि तपाईं मधुमेहको रोगी हुनुहुन्छ भने, तपाईंको रगतमा शक्करको मात्रालाई पनि नापिनेछ। तपाईंको अक्सिजन स्तरहरूलाई नापिनेछ। तपाईंलाई मुखौटो अथवा नाकमा लगाइने नली मार्फत अक्सिजन दिइनेछ।

यदि तपाईंले पहिले यस्तो गर्नुभएको छैन, अनि अब खुशीका साथ यो जाँच गर्न चाहनुहुन्छ भने, हामी तपाईंलाई एक सहमति फारममा हस्ताक्षर गर्नको लागि भन्नेछौं घ्तपाईंको अनुमति लिनको लागिघ।



## अस्पतालको एण्डोस्कपि विभागमा म कति समयसम्म बस्नपर्नेछ?

यो तपाईंले सिडेशन् अर्थात् यातना निवारक औषधि लिनुभएको छ वा छैन अनि, यदि लिनुभएको छ भने, तपाईं यसबाट कति चाँड़ो मुक्त हुनुहुन्छ, त्यसैमाथि सर्वाधिक निर्भर गर्छ। तपाईं विभागमा लगभग तीन घण्टासम्म बस्नुपर्ने हुनसक्छ। विभागमा आपतकालीन मामिलाहरूलाई पनि हेरिन्छ अनि यस्ता मामिलाहरूलाई प्राथमिकता दिइनसकिन्छ।

### `सिडेशन् अर्थात् यातनानिवारक औषधि

यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधिको लागि भन्नुभएको छ भने, हामी तपाईंको हात वा पाखुरोको नसो मार्फत यसलाई दिनेछौं। यसले तपाईंलाई केही निद्रालु अनि शिथिल बनाउनेछ, तर बेहोश होइन। तपाईं त्यो अवस्थामा हुनुहुनेछ जसलाई सहयोगात्मक सिडेशन् भनिन्छ। यसको अर्थ के हो भने, तपाईंलाई भनिएका कुराहरू तपाईंले सुन्न सक्नुहुनेछ। यसकारण, तपाईंले जाँचको बेलामा दिइएका सामान्य निर्देशहरूको पालन गर्न सक्नुहुनेछ। सिडेशन्ले गर्दा कतिपय मानिसहरूले पछि गएर कोलनस्कपिको बारेमा केही पनि स्मरण गर्नसक्दैनन्।

`कतिपय अवसरहरूमा, सिडेशन्ले गर्दा मानिसहरूको श्वास–प्रश्वास, हृदय गति अनि रक्तचापमा समस्या उत्पन्न हुनसक्छ। साधारणतः यी समस्याहरू धेरै बेरसम्म रहँदैनन्।

तपाईंलाई सिडेशन् अर्थात् यातनानिवारक औषधि दिइएको बेलामा, हामी तपाईंको श्वसन प्रक्रिया र हृदय गतिको निगरानी गर्नेछौं। कुनैप्रकारका परिवर्तनहरू देखिए, हामी त्यसमाथि ध्यान दिनेछौं अनि आवश्यक भए, त्यसको समाधान गर्नेछौं। यसको लागि, तपाईंलाई औंलोमा लगाइने एक उपकरणको सहायताले एक यन्त्रसित जोड़िनेछ, जुन यन्त्रले तपाईंको हृदय गति अनि अक्सिजनका स्तरहरूलाई नाप्नेछ। हामी तपाईंको रक्तचाप पनि नाप्नेछौं। यदि तपाईंलाई मधुमेहको रोग छ भने, हामी तपाईंको रगतमा शक्करको मात्रा पनि नाप्नेछौं। तपाईंलाई मुखौटो अथवा नाकमा लगाइने नली मार्फत् अक्सिजन पनि दिइनेछ।

`सिडेशन् अर्थात् यातनानिवारक औषधि लिए पश्चात्को 24 घण्टासम्म तपाईंले वाहन चलाउनुहुँदैन, रक्सी पिउनहुँदैन, विशाल यन्त्रहरू चलाउनुहुँदैन वा कुनैप्रकारको कानूनी दस्तावेजहरूमा हस्ताक्षर गर्नुहुँदैन। आफूलाई घर लिएर जाने कुनै व्यक्तिको तपाईंलाई आवश्यकता पर्नेछ।

## कोलनस्कपि जाँच

हामी तपाईंलाई एउटा कक्षमा लैजानेछौं जहां कोलनस्कपि गर्ने चिकित्सक अनि नर्सहरूले तपाईंलाई आ–आफ्नो परिचय दिनेछन्। तपाईंले उनीहरूलाई प्रश्नहरू सोध्न सक्नुहुनेछ।

तपाईंको हेरविचार गर्ने नर्सले तपाईंलाई आफ्नो देब्रेपट्टि कोल्टे भएर ढल्किनको लागि भन्नेछिन्।

त्यसपछि उनले तपाईंको औंलोमा, अक्सिजनको स्तर जान्नको लागि, एक उपकरण लगाउनेछिन्। तपाईंलाई मुखौटो अथवा नाकमा लगाउने नली मार्फत् अक्सिजन पनि दिइनेछ।

यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधिको लागि भन्नुभएको छ भने, यी औषधिहरू तपाईंको नसोमा लगाइएको सानो शोष–नलिका घ्प्लास्टिकको सानो नली वा सूँइङ मार्फत दिइनेछन्।

कोलनस्कपिमा ठूलो आन्द्रोको सम्पूर्ण भाग हेरिन्छ, अनि यो छोटो अन्तरालकै लागि भएपनि असुविधाजनक हुनसक्छ। जाँचको समयमा हावालाई विस्तारै तपाईंको आन्द्रोमा प्रवेश गराइन्छ, जसमा स्कोपलाई सहजै प्रवेश गराउन सकियोस्। जाँचको बेलामा, प्रयोगशालामा विश्लेषण निम्ति, तपाईंको आन्द्रोको भित्री भागबाट नमूनाहरू लिइने सम्भावना छ। यी नमूनाहरूलाई हामी यत्नका साथ राख्नेछौं। भविष्यमा अनुसन्धान कार्यहरूको लागि हामी यी नमूनाहरूको उपयोग गर्नसक्छौं वा सक्दैनौं, त्यसबारे पनि हामी तपाईंलाई सोध्नसक्छौं।

कोलनस्कपि आन्द्रोको क्यान्सर खुट्ट्याउने सर्वाधिक प्रभावकारी जाँच हो तर यो 100 प्रतिशत विश्वसनीय हुँदैन। यसको अर्थ के हो भने कहिले–कसो यस जाँचबाट क्यान्सर भएको बारे पत्तो लाग्दैन। यदि तपाईंमा रोगका कुनैप्रकारका लक्षणहरू छन् वा तपाईं यसबारे चिन्तित हुनुहुन्छ भने तपाईंले आन्द्रोको जाँच प्रक्रियालाई जारी राख्नुपर्छ अनि डक्टरलाई भेट्नुपर्छ।

कतिपय अवसरहरूमा कोलनस्कपि जाँचलाई पूरा गर्नु सम्भव हुँदैन अनि यस्तो भएको खण्डमा, छानबिन गर्ने तपाईंको विशेषज्ञ चिकित्सकले तपाईंसित यसबारे चर्चा गर्नेछिन्। तपाईंलाई गरिइने कोलन्सकपि जाँचलाई पूरा गर्नु सम्भव नभएको खण्डमा, तपाईंलाई अन्य जाँचहरू गर्ने सल्लाह दिइनसकिन्छ।



## यस जाँचका जोखिमहरू

कोलनस्कपि प्रक्रियामा तपाईंको आन्द्रोको नमूना लिइनुपर्ने हुनाले कहिले काँहि यसमा जटिलताहरू उत्पन्न हुनसक्छन्। यी विरलै हुन्छन्, तर यसबारे तपाईं अवगत हुनपर्ने खाँचो छ किनभने यो जाँच गर्ने वा नगर्ने त्यस सम्बन्धमा तपाईंले नै निर्णय लिनुपर्छ।

यी जोखिमहरू अनि जाँच गर्दा हुने फायदाहरू बीच तपाईंले तुलना गर्नुपर्ने खाँचो छ।

**कोलनस्कपिका प्रमुख जोखिमहरू बारे तल बताइएको छ।**

### प्वाल पर्नु

यो हरेक 1000 जाँचहरूमध्ये एकजनालाई हुनसक्छ। यस प्रक्रियामा आन्द्रोको भित्री भाग चिरिन सक्छ। प्वालको मरम्मत गर्नको लागि प्रायः नै शल्य–चिकित्साको खाँचो पर्छ। पलिपहरू घ्साना उत्पत्तिहरूद हटाइएका मामिलाहरूमा प्वाल पर्ने जोखिम अधिक हुन्छ।

### रक्तस्राव

तपाईंको आन्द्रोको नमूना लिइएको छ वा पलिप हटाइएको छ भने यस्तो हुनसक्छ। नमूना लिइएको वा पलिप हटाइएको मामिलामा यो जोखिम हरेक 100–देखि 200 जाँचहरूमा एकजनालाई हुन्छ। साधारणतः रक्तस्राव कुनै गम्भीर समस्या हुँदैन अनि प्रायः जसो यो स्वतः नै रोकिन्छ।

हामीले सबै जोखिमहरूको बारेमा सोचविचार गर्‍यौं। हामीलाई विश्वास छ कि यस जाँचका सम्भावित जोखिमहरू भन्दा यसका सम्भावित लाभहरू अधिक छन्।

## पलिप अर्थात् सानो उत्पत्ति के हो?

पलिप आन्द्रोको भित्री भागमा हुने सानो ग्रोथ अर्थात् उत्पत्ति हो। कतिपय पलिपहरू एक तनाद्वारा परस्पर जोड़िएका हुन्छन् अनि अन्यहरू विना कुनै तनाको सपाट हुन्छन्।

जाँचको बेलामा पलिपहरूलाई देख्नसकिन्छ। साधारणतः पलिपहरूलाई हटाइन्छन् किनभने पछि ठूलो भएर यसले समस्याहरू उत्पन्न गर्नसक्छ। यसलाई पलिपेक्टोमि भनिन्छ। कहिले–कसो पलिपहरू क्यान्सरमा परिवर्तित हुन्छन्।

## जाँच पश्चात्

जाँच पश्चात् तपाईंलाई आराम गर्ने अनुमति दिइनेछ। हामी तपाईंको रक्तचाप अनि हृदय गति नाप्नेछौं। यदि तपाईं मधुमेहको रोगी हुनुहुन्छ भने, हामी तपाईंको रगतमा शक्करको मात्रा नाप्नेछौं। एकपल्ट सिडेशन् अर्थात् यातनानिवारक औषधिको प्रभाव घ्साधारणतः यो लगभग 30 मिनटसम्म रहन्छध–बाट मुक्त हुनुभएपछि तपाईं उठेर बस्न सक्नुहुनेछ। हामी तपाईंलाई तातो पेय अनि बिस्कुट दिनेछौं। तपाईं विभागबाट जानुभन्दा अघि, छानबिन गर्ने विशेषज्ञ चिकित्सकले जाँचका परिणामहरू अनि लिनुपर्ने कुनैप्रकारका औषधिहरू वा तपाईंको लागि आवश्यक थप जाँचहरूको बारेमा तपाईंसित चर्चा गर्नेछन्।

यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधि लिनुभएको छ भने, यसले केही समयको लागि तपाईंको स्मृतिमाथि प्रभाव पार्नसक्छ। आफूसित परिवारको कुनै सदस्य वा मित्रलाई लिएर आउनु असल हुनेछ। हामी तपाईंलाई संक्षिप्त लिखित रिपोर्ट दिनसक्छौं।

यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधि लिनुभएको छ भने, यो याद राख्नुहोस् कि यो औषधि तपाईंको रक्त प्रणालीमा लगभग 24 घण्टासम्म रहन्छ अनि तपाईंलाई निद्रा लागेको जस्तो अनुभव हुनसक्छ। यदि तपाईं एक्लै बस्नुहुन्छ भने, राती तपाईंसित बस्नको लागि कुनै व्यक्तिको व्यवस्था गर्नुहोस्। सिडेशन् लिएपछिको 24 घण्टासम्म तपाईंले वाहन चलाउनुहुँदैन, रक्सी पिउनुहुँदैन, विशाल यन्त्रहरू चलाउनुहुँदैन अथवा कुनै कानूनी दस्तावेजमा हस्ताक्षर गर्नुहुँदैन। तपाईंलाई कुनै यस्तो व्यक्तिको आवश्यकता पर्नेछ जसले तपाईंलाई घर पुर्‍याउन सक्छ।



## याद राख्नुपर्ने महत्वपूर्ण बुँदाहरू

- यदि तपाईं निश्चित गरिएको जाँचमा उपस्थित हुन असमर्थ हुनुहुन्छ भने, छानबिनको आनो विशेषज्ञ चिकित्सकलाई यसबारे यथासम्भव चाँड़ो जानकारी दिने कृपा गर्नुहोला।
- तपाईंको आगमन पश्चात् तपाईंलाई जतिसक्दो चाँड़ो हेर्ने अनि तपाईंको जाँच गर्ने हाम्रो उद्देश्य हुन्छ। यद्यपि, कहिले–कसो विभागमा धेरै व्यस्तता हुन्छ अनि तपाईंको जाँचमा अबेर हुनसक्छ। यदि त्यहाँ कुनैप्रकारको आपात स्थिति छ भने, हामी त्यसलाई प्राथमिकता दिनेछौं।
- कृपया सबै गर–गहनाहरू अनि व्यक्तिगत सर–सामानहरूलाई घरमै राखेर आउनुहोला। तपाईं अस्पतालमा बस्दा तपाईंका व्यक्तिगत सर–सामानलाई क्षति पुगेको वा यो हराएको खण्डमा, अस्पतालले यसको कुनैप्रकारको जिम्मेवारी लिनेछैन।
- यदि तपाईंले सिडेशन् अर्थात् यातनानिवारक औषधि लिनुहुन्छ भने, कृपया तपाईंलाई घर लैजाने अनि राति तपाईंसित बस्ने कुनै व्यक्तिको व्यवस्था मिलाउनुहोला।

Bowel Screening Wales
Sgrinio Coluddion Cymru

Her Iechyd Cymru
Health Challenge Wales

तपाईंसम्बन्धी कतिपय जानकारीहरूलाई हामीले गुप्त राख्ने खाँचो छ। यसरी हामी छानबिन गर्ने जाँचको लागि मानिसहरूलाई आमन्त्रित गर्नसक्छौं अनि जाँचको यस कार्यक्रमको प्रदर्शन बारे सोचविचार गर्नसक्छौं। तपाईंका व्यक्तिगत विवरणहरूलाई हामी बढ़ो यत्नका साथ गुप्त राख्छौं। यो जानकारी हामी उसलाई मात्रै दिन्छौं जसलाई कानूनी वा चिकित्सकीय दृष्टिले यसको खाँचो छ – उदाहरणार्थ, तपाईंको डक्टर। जानकारीहरूलाई हामी कसरी उपयोगमा ल्याउछौं, त्यसबारे तपाईं अझ अधिक जान्न चाहनुहुन्छ भने, कृपया 'हामी तपाईंसम्बन्धी जानकारीको कसरी उपयोग गर्छौं' नामक पर्चाको लागि हामीलाई भन्नुहोस्।

यसको लागि तपाईं आन्द्रोको जाँच कार्यक्रमको हिस्सा हुनुपर्ने आवश्यकता छैन। अधिक जानकारीको लागि कृपया हेल्पलाइनमा फोन गर्नुहोस्।

हेल्पलाइनमा गरिएका सबै फोनहरू गुप्त राखिन्छन् तर प्रशिक्षण अनि गुणस्तर जस्ता उद्देश्यहरू निम्ति हामी यसलाई रिकर्ड गर्छौं।



अधिक जानकारीको लागि कृपया यो नम्बरमा हाम्रो निःशुल्क हेल्पलाइन सेवासित सम्पर्क गर्नुहोस

**0800 294 3370**

खोलिने समय – बिहान 8 बजीदेखि साँझ 6 बजीसम्म

अथवा वेल्समा आन्द्रोको जाँचसम्बन्धी वेबसाइट हेर्नुहोस्:

**www.bowelscreeningwales.org.uk**